# ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७९

**इच्छाकामना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कुरिनटार चितवन ।**

१. परिचय

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची–८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय–पत्र वितरण निर्देशिका २०७४, जारी गरिएको छ ।

२. परिचय–पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका आधार हुनेछन्।

३. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

६. परिचय–पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय–पत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचाः

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय–पत्रको आकार (size)नेपाली नागरिकताको प्रमाण–पत्रको आकार बराबरको हुनेछ ।

८. परिचय–पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय–पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम वा निजको संरक्षकले सम्बन्धित पालिकाकोका वडा कार्यालयमा वडा अध्यक्ष समक्ष्य निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण–पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय–पत्र प्रदान गर्ने अधिकारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी हुनेछ ।

घ) परिचय–पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गाउँपालिकाको सम्वन्धित शाखाले कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा प्रतिवेदन बुझाउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय–पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

९. विविध :

क) ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय–पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची १

(दफा ७ बमोजिम)

ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा

इच्छकामना गाउँपालिका

ज्येष्ठ नागरिक परिचय–पत्र

फोटो

प.प. नं –

नाम थरः ...........................................

ना.प्र.न. ..........

ठेगानाः जिल्ला .......................गा.पा./न.पा. .......................... वडा नं............ टोल/गाउँ ........

उमेरः .......... लिङ्गः ..........

उपलब्ध छुट तथा सुविधाहरु : .................................. पति/पत्नीको नाम : ........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः .........................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं.:

.........................................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम

.............................................................................................................

प्रमाणित गर्ने अधिकृतकोः–

दस्तखत :

नाम थर :

पदः

कार्यालय :

कार्यालयको छाप

Ichchhakamana Rural municipality

Senior Citizen Identity Card

Card………………………

Name……………………………

Citizenship No………………………..

Age……………………………. Gender…………………………………..

Adress: Chitwan District, Ichchhakamana Rural municipality ,Ward No……………..

Blood Group:………………………

Contact No :…………………………………….

Available Discount and Service :……………………………………..

Approved By:

Sigature:……………………………..

Name:…………………………………

Designation:………………………………..

Office stamp

अनुसुची -३

(दफा ८ (क) बमोजिमको)

श्रीमान वडाध्यक्ष ज्यू

...........नं. वडा कार्यालय

इच्छाकामना गाउँपालिका कुरिनटार , चितवन मिति:............................

विषय: ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्बन्धमा ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ बमोजिम म...............................ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ तथा इच्छाकामना गाउँपालिका ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७९ मा व्यवस्था भए बमोजिम सोही निर्देशिकाको अनुसुची २ को ढाँचामा ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराई पाउँ भनी तपसिलको व्यक्तगत अधिलेख विवरण समेत भरी देहायका कागजात सहित पेश गरेको छु ।

१.ज्येष्ठ नागरिक व्यक्तिगत विवरण :

क) नाम थर :.............................................................................................

ख) आमा/बुवाको नाम थर :..........................................................................

ग) पति/पत्नीको नाम थर:...................................................................................

घ) जन्म मिति :........................................ङ) लिङ्ग:.....................च) ना.प्र.नं.....................

छ) स्थायी ठेगाना ....................................जिल्ला: .........................न.पा./गा.पा वडा नं....... प्रदेश...............

ज) अस्थायी ठेगाना : ................................जिल्ला: ....................न.पा./गा.पा वडा नं....... प्रदेश...............

२.ज्येष्ठ नागरिकको स्वास्थ्य सम्बन्धी विवरण :

क) रक्त समुह :............ख) विशेषरोग/दिर्घ रोग/शारिरीक अपाङ्गता भएको भए खुलाउने ......................

३.ज्येष्ठ नागरिक पारिवारिक विवरण :

क) जम्मा सन्तती सं. ..................अ) छोरा सं..........आ) छोरी सं..................

ख)परिवारका सदस्य सम्बन्धी विवरण (छोरा,बुहारी,छोरी, मध्ये संगोलको सदस्य)

| क.स. | नाम थर | उमेर | नाता | व्यवसाय | ठेगाना | संगोल बसेको | छुटिइ भिन्न बसेको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |

| २ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|

४.ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता: क)शैक्षिक योग्यता :................ख) पेशागत दक्षता...............ग

५. ज्येष्ठ नागरिकको सम्पति विवरण:क) चल सम्पति:.............ख) अचल सम्पति

६. सम्पर्क गर्ने व्यक्तिको नाम थर : ............................मोवाइल नं.................

७.पेश गरेका कागजातहरु: क) नागरिकता प्रतिलिपि ख)बाह्य जिल्लाको नागरिकता भएको हकमा बराइसराइको प्रमाणपत्र प्रतिलिपि

निवेदक
नाम थर
दस्तखत

## अनुसुची -३
(दफा ८ (क) बमोजिमको)

श्रीमान वडाध्यक्ष ज्यू

..........नं. वडा कार्यालय

इच्छाकामना गाउँपालिका कुरिनटार , चितवन मिति:...........................

विषय: ज्येष्ठ नागरिक परिचयपत्रको प्रतिलिपि उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्बन्धमा मेरोमित .................. मा बनाइएको ज्येष्ठ नागरिक परिचयपत्र हराएको/च्यातिएको ले सो परिचयपत्र उपलब्ध गराउनको लागि .................... प्रहरी कार्यालयकोको सिफारिस पत्र सहित तपिशलको व्यक्तिगत अभिलेख विवरण समेत भरी यस कार्यालयमा पेश गर्दछु । ।

१.ज्येष्ठ नागरिक व्यक्तिगत विवरण :

क) नाम थर : ...........................................................................................

ख) आमा/बुवाको नाम थर :........................................................................

ग) पति/पत्नीको नाम थर:.................................................................................

घ) जन्म मिति :.......................................ङ) लिङ्ग:....................च) ना.प्र.नं.....................

छ) स्थायी ठेगाना ...................................जिल्ला: ........................न.पा./गा.पा वडा नं....... प्रदेश...............

ज) परिचयपत्र नं.........................

२.ज्येष्ठ नागरिक पारिवारिक विवरण : सम्पर्क गर्ने व्यक्तिको नाम थर : ............................मोवाइल नं.................

३.पेश गरेका कागजातहरु: क) नागरिकता प्रतिलिपि

निवेदक
नाम थर
दस्तखत